# मण्डनदेउपुर नगरपालिका

**स्थानीय राजपत्र**

**खण्ड- ७ मण्डनदेउपुर, असार ०२ गते, २०८१ साल संख्याः १२**

## भाग-२

## मण्डनदेउपुर नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति कार्यविधि, २०८०

*पारित मितिः २०८०।०९।२६*
*प्रमाणित गरेको मितिः २०८०।०९।२६*

**प्रस्तावनाः**

नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरूमध्ये दक्ष, कुशल, सक्षम र व्यवस्थापकीय क्षमता भएका शिक्षकलाई विद्यालयको प्रधानाध्यापक पदमा नियुक्त गरी शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ उपलब्धी र विद्यालयको समग्र व्यवस्थापन सुधार ल्याई सामुदायिक विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न वाञ्छनीय भएकोले नगरपालिका शिक्षा ऐन, २०७४ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद –१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**– यस कार्यविधिको नाम **"मण्डनदेउपुर नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ। यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ। यो कार्यविधि मण्डनदेउपुर नगरपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ।

**२. परिभाषाः**– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः–

क) "ऐन" भन्नाले मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षा ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) "नियमावली" भन्नाले मण्डनदेउपुर शिक्षा नियमावली, २०७४ लाई सम्झनु पर्दछ।

ग) "नगरपालिका" भन्नाले मण्डनदेउपुर नगरपालिकालाई सम्झनु पर्दछ।

घ) "कार्यपालिका" भन्नाले मण्डनदेउपुर नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ङ) "प्रमुख" भन्नाले मण्डनदेउपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

च) "उप प्रमुख" भन्नाले मण्डनदेउपुर नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्दछ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मण्डनदेउपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ।

ज) "सामाजिक विकास समिति संयोजक" भन्नाले कार्यपालिका अन्तर्गतको सामाजिक विकास सम्बन्धी विषय क्षेत्र हेर्ने समितिको संयोजक सम्झनु पर्दछ।

झ) "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सम्झनु पर्दछ।

ञ) "प्रधानाध्यापक" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त प्रधानाध्यापक सम्झनु पर्दछ।

ट) "अधिकृत" भन्नाले यसै नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ।

ठ) "शिक्षा शाखा" भन्नाले मण्डनदेउपुरनगर कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

## परिच्छेद – २
## प्रधानाध्यापकको नियुक्ति

**३. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**– विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालन तथा विद्यालयको प्रशासनिक र व्यवस्थापकीय जिम्मेवारी वहन गर्न शैक्षिक तथा प्रशासनिक प्रमुखको रुपमा प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापकको व्यवस्था हुनेछ।

४. सूचना प्रकाशन गर्नेः– (१) प्रधानाध्यापक नियुक्तिको लागि नगरपालिकाले १५ दिनको

समय सीमा दिई दफा ६ बमोजिमको योग्यता पुगेका उम्मेदवारलाई दरखास्त दिनको लागि सूचना प्रकाशन गर्नेछ।

२) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्तिको लागि नगरपालिकाले नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा एकैपटक वा चरणवद्ध रुपमा गर्ने गरी सूचना प्रकाशन गर्न सक्नेछ।

**५. दरखास्त दिने:** – (१) दफा ४ बमोजिम सूचना प्रकाशन भए पश्चात् प्रधानाध्यापक पदमा उम्मेदवार हुन इच्छुक शिक्षकले तोकिएको समय सीमा भित्र विद्यालयको बहुआयामिक विकास प्रस्ताव तथा आवश्यक कागजातको प्रमाणित प्रति संलग्न राखी तोकिए बमोजिमको फाराम भरी शिक्षा शाखामा दरखास्त दिन सक्नेछ। शिक्षा शाखाले पेश हुन आएका दरखास्त सङ्कलन र सूची तयार पारी प्रधानाध्यापक छनौट समिति समक्ष पेश गर्नेछ।

२) उपदफा (१) बमोजिम दरखास्त साथ पेश गरिने विद्यालयको बहुआयामिक विकास प्रस्ताव उम्मेदवार हाल आफै कार्यरत विद्यालय वा अन्य सोही स्तर (आ.वि.१ – ३÷५ वा आ.वि. १–८ वा मा.वि. १ –१०÷१२) का विद्यालयसँग सम्बन्धित हुनु पर्नेछ।

**६. प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यता:**– देहायको योग्यता पुगेका व्यक्तिले प्रधानाध्यापक पदमा दरखास्त पेश गर्न सक्नेछन्।

**क. आधारभूत तह कक्षा १–३ वा १–५**

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

२) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको।

३) उच्च नैतिक चरित्र भएको।

४) सम्बन्धित तहको शिक्षक पदमा नियुक्ति भई कम्तीमा २ वर्षको अनुभव हासिल गरेको।

**ख. आधारभूत तह कक्षा १–८**

१) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

२) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको।

३) उच्च नैतिक चरित्र भएको।

४) सम्बन्धित तहको शिक्षक पदमा नियुक्ति कम्तीमा ३ वर्षको अनुभव हासिल भएको।

**ग. माध्यमिक तह कक्षा १–१० वा १–१२**

१) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको ।

२) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको।

३) उच्च नैतिक चरित्र भएको।

४) सम्बन्धित तहको शिक्षक पदमा नियुक्ति कम्तीमा ५ वर्षको अनुभव हासिल भएको ।

**७.दरखास्त प्रधानाध्यापक छनौट समितिलाई बुझाउनेः**– (१) दरखास्त दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र शिक्षा शाखाले आफूले तयार पारेको दरखास्त दिने सबै उम्मेदवारहरुको नामनामेसी सहितको सूची र सम्वद्ध कागजात प्रधानाध्यापक छनौट समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

२)उपदफा (१) बमोजिम कागजात प्राप्त भएपछि प्रधानाध्यापक छनौट समितिले सात दिनभित्र सूचनाको अवधिमा परेका निवेदनसँगै पेस गरेका कागजातहरु रुजु गरी स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको अलग अलग सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

३)प्रधानाध्यापक छनौट समितिले स्वीकृत उम्मेदवारहरुको नामनामेसी विवरण र तिनले नगरपालिकामा पेश गरेको विद्यालय विकास प्रस्ताव तथा प्रस्तुतीकरण छनौट समिति मार्फत मूल्याङ्कन गर्नेछ ।

**८. प्रधानाध्यापक छनौट सम्बन्धी व्यवस्थाः**– (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट यस कार्यविधिको दफा ९ बमोजिमको आधार र मापदण्ड बमोजिम मूल्याङ्कन गरी योग्यताक्रमको आधारमा गरिनेछ ।

२) उपदफा (१) बमोजिम छनौट गर्ने सिलसिलामा उम्मेदवारहरुको विद्यालय विकास प्रस्तावको मूल्याङ्कन, सो प्रस्ताव उपरको प्रस्तुतीकरण, प्रश्नोत्तर तथा छलफलको मूल्याङ्कन कार्य सम्पन्न गर्न तपसिल बमोजिमको तीन सदस्यीय प्रधानाध्यापक छनौट समिति गठन गरिनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) सम्बन्धित क्षेत्रको विज्ञ - सदस्य

ग) शिक्षा शाखा प्रमुख वा अधिकृत- सदस्य सचिव

३) उपदफा (२) बमोजिम गठित प्रधानाध्यापक छनौट समितिलाई देहाय बमोजिमको कार्य जिम्मेवारी हुनेछ ।

क) उम्मेदवारहरुले पेश गरेको विद्यालय विकास प्रस्ताव मूल्याङ्कन गरी अङ्क प्रदान गर्ने ।

ख) कौशल तथा दक्षता परीक्षणको लागि प्रधानाध्यापक छनौट समितिबाट प्रकाशित सूचना बमोजिम तोकिएको मिति, स्थान र समय तालिकामा उम्मेदवारहरुले पेश गरेको विद्यालय विकास प्रस्ताव र समग्र विद्यालय सुधारको सम्बन्धमा सम्बन्धित उम्मेदवारको प्रस्तुतीकरण लिई सोसँग सम्बन्धित विषयमा प्रश्नोत्तर एवम् छलफल गरी सोको मूल्याङ्कन गर्ने ।

४) मूल्याङ्कनलाई थप वस्तुनिष्ठ बनाउन र आफ्नो कार्य जिम्मेवारीलाई वैज्ञानिक ढङ्गले सम्पादन गर्न यस कार्यविधिमा उल्लेख गरिएको अलावा मूल्याङ्कनका थप आधार र छनौट समिति आफैले तय गर्न सक्नेछ ।

५) विद्यालय विकास प्रस्ताव प्रधानध्यापक छनौट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ। समितिले आवश्यकता अनुसार आफ्नो कार्य जिम्मेवारीसँग सम्बन्धित विषयमा छलफल एवम् जानकारीको लागि कुनै कर्मचारी, विज्ञ तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७) प्रधानाध्यापक छनौट समितिका पदाधिकारी तथा छनौट सम्बन्धी कार्यमा खटिने कर्मचारीहरुको सेवा सुविधा नियमानुसार हुनेछ।

८) प्रधानाध्यापक छनौट को सन्दर्भमा प्रधानाध्यापक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) सूचनाको अवधिमा परेका निवेदन साथ प्राप्त कागजात रुजु गरी स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको अलग–अलग सूची तयार गरी प्रकाशन गर्ने।

ख) स्वीकृत उम्मेदवारहरुको शैक्षिक योग्यता, अनुभव, ज्येष्ठता, तालिम र शिक्षण नतिजा वापतको अङ्कनको लागि उम्मेदवारले पेश गरेको सो सम्वद्ध कागजात अध्ययन गरी प्राप्ताङ्क कम्प्युटर प्रविष्टि र तालिकीकरण गर्ने गराउने।

ग) कौशल तथा दक्षता परीक्षणको लागि मिति, स्थान र समय तालिका सहित सूचना प्रकाशन गर्ने।

घ) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन र प्रस्तुतीकरण एवम् प्रश्नोत्तर र छलफल वापत उम्मेदवारहरूले प्राप्त गरेको अङ्क कम्प्युटर प्रविष्टि गर्ने गराउने।

च)अन्तर्वार्ता सञ्चालनको लागि सम्बन्धित विज्ञ सम्मिलित अन्तर्वार्ता समिति गठन गर्ने।

छ)अन्तर्वार्ता सञ्चालनको लागि सूचना प्रकाशन गरी तोकिएको मिति र समय तालिकामा अन्तर्वार्ता सञ्चालन गर्न अन्तर्वार्ता समितिलाई सहयोग र सहजीकरण गर्ने।

ज) अन्तर्वार्ता वापत उम्मेदवारहरुले प्राप्त गरेको अङ्क अन्तर्वार्ता समितिबाट प्राप्त गरी कम्प्युटर प्रविष्टि गर्ने गराउने।

झ) सबै चरणमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको अङ्क रुजु गरी कूल प्राप्ताङ्कको आधारमा एकमुष्ट योग्यताक्रमको समष्टिगत सूची तयार गरी प्रकाशन गर्ने।

ञ) प्रकाशित अन्तिम एकमुष्ट योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारहरूलाई प्रधानाध्यापकको रुपमा विभिन्न विद्यालयमा पदस्थापन गर्न नगर कार्यापालिकामा सिफारिस गर्ने।

ट) प्रधानाध्यापक छनौट तथा सिफारिससँग सम्बन्धित अन्य आवश्यक काम गर्ने।

## परिच्छेद – ३
## प्रधानाध्यापक छनौटका आधार तथा मापदण्ड

**९. प्रधानाध्यापक छनौट का आधारतथा मापदण्डः**– (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौटका लागि १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिनेछ । मूल्याङ्कनको आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछः

### खण्ड–क
### शैक्षिक योग्यता, ज्येष्ठता, तालिम र अध्यापन नतिजा वापत कूल ३० अङ्क

१) शैक्षिक योग्यता बापत – १२ अङ्क

अ) न्यूनतम शैक्षिक योग्यताा बापत – ८ अङ्क

क. विशिष्ट श्रेणी / ३.२ भन्दा माथि जिपीए भए – ८ अङ्क

ख. प्रथम श्रेणी / २.८ भन्दा माथि ३.२ सम्म जिपीए भए – ५ अङ्क

ग. द्वितीय श्रेणी / २.४ भन्दा माथि २.८ सम्म जिपीए भए – ३ अङ्क

घ.तृतीय वा पास श्रेणी / २.४ भन्दा कम जिपीए भए – २ अङ्क

आ) माथिल्लो शैक्षिक योग्यता वापत – ४ अङ्क

क. विशिष्ट श्रेणी / ३.२ भन्दा माथि जिपीए भए – ४ अङ्क

ख. प्रथम श्रेणी / २.८ भन्दा माथि ३.२ सम्म जिपीए भए – ३ अङ्क

ग. द्वितीय श्रेणी / २.४ भन्दा माथि २.८ सम्म जिपीए भए – २ अङ्क

घ. तृतीय वा पास श्रेणी / २.४ भन्दा कम जिपीए भए – १ अङ्क

ङ. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गर्ने ।

स्पष्टीकरणः माथिल्लो शैक्षिक योग्यता भन्नाले माध्यमिक तहको हकमा एम्.फिल. वा पि. एच. डी. डिग्री, आधारभूत तह कक्षा १–८ को हकमा स्नातकोत्तर डिग्री र आधारभूत तह कक्षा १–५ को हकमा स्नातक डिग्रीलाई माथिल्लो योग्यता मानिनेछ ।

२) शिक्षण अनुभव बापत – ७.५ अङ्क

क. सम्बन्धित तहमा नियुक्ति पाई कामकाज गरेको शिक्षण अनुभवको लागि प्रति वर्ष ०.५० अङ्कको दरले बढीमा – ७.५ अङ्क

३) ज्येष्ठता वापत – २.५ अङ्क

क. सम्बन्धित तहमा स्थायी भई प्रथम श्रेणीको शिक्षक भए – २.५ अङ्क

ख. सम्बन्धित तहमा स्थायी भई द्वितीय श्रेणीको शिक्षक भए – २ अङ्क

ग. सम्बन्धित तहमा स्थायी भई तृतीय श्रेणीको शिक्षक भए – १ अङ्क

घ. करार शिक्षकलाई तृतीय श्रेणी सरहको अङ्क दिइनेछ ।

४) तालिम वापत – ५ अङ्क

अ) शैक्षिक तालिम÷सेवाकालिन तालिम वापत – ३ अङ्क

न्यूनतम १० महिनाको प्रमाण पत्रसहितको सेवाकालिन तालिमका लागि

क. विशिष्ट श्रेणी भए – ३ अङ्क

ख. प्रथम श्रेणी भए – २.५ अङ्क

ग. द्वितीय श्रेणी भए – २ अङ्क

घ. तृतीय वा पास श्रेणी भए – १ अङ्क

ङ. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गर्ने

आ) विद्यालय व्यवस्थापन÷नेतृत्व विकास सम्बन्धी तालिम वापत २ अङ्क

क. शैक्षिक जनशक्ति विकास केन्द्र वा नेपाल सरकार÷ k|b]z ;/sf/बाट मान्यता प्राप्त सो सरहका तालिम केन्द्रले सञ्चालन गरेको नेतृत्व विकास सम्बन्धी कम्तिमा एक महिनाको तालिम लिएको भए २ अङ्क।

५) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत – ३ अङ्क

अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिँदा पछिल्लो तीन शैक्षिक सत्रमा प्रत्येक शैक्षिक सत्रको बढीमा १ अङ्कको दरले बढीमा ३ अङ्क दिइनेछ। अङ्क दिँदा प्रति वर्ष देहायका आधारमा दिइनेछ।

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत} \times 3}{\text{सम्बन्धित विषयको पालिकाको औसत उत्तीर्ण प्रतिशत}}$$

**खण्ड–ख**

**विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन कूल अङ्क ३०**

विद्यालय विकास प्रस्ताव वापत देहायबमोजिम ३० अङ्क हुनेछः

१. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय लगायत समग्र वस्तुस्थितिको विश्लेषण वापत ५ अङ्क

२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि वापत ३ अङ्क

३. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय स्थिति र अपेक्षित उपलब्धी बीचको सूचकगत अन्तर विश्लेषण वापत ४ अङ्क

४. अपेक्षित उपलब्धि हासिल गर्नको लागि शैक्षिक, भौतिक, आर्थिक र व्यवस्थापकीय क्षेत्रमा गर्नुपर्ने सुधार योजना (रणनीति तथा कार्यनीति र कार्यक्रम सहित) वापत १० अङ्क

५. प्रस्तावित योजना कार्यान्वयनको कार्ययोजना खाका (आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलाप छुट्याउनु पर्ने) र सोको मूल्याङ्कनका सूचकहरु वापत ६ अङ्क

६. प्रस्तावको भाषा, भाषिक शुद्धता, लेखाइको स्तर वापत २ अङ्क

### खण्ड–ग

### प्रस्ताव प्रस्तुतीकरण र छलफल कूल अङ्क २०

प्रस्ताव प्रस्तुतीकरण र छलफल वापत देहायबमोजिम २० अङ्क हुनेछः

१. प्रस्ताव प्रस्तुतीकरण वापत ८ अङ्क

२. प्रश्नोत्तर र छलफल वापत १२ अङ्क

### खण्ड–घ

### अन्तर्वार्ता कूल अङ्क २०

अन्तर्वार्ता वापत देहायबमोजिम २० अङ्क हुनेछः

१. व्यक्तित्व वापत २ अङ्क

२. आत्मविश्वास वापत २ अङ्क

३. भाषिक शुद्धता र स्पष्टता वापत २ अङ्क

४. नेतृत्व क्षमता वापत ३ अङ्क

५. विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव वापत ३ अङ्क

६. शैक्षिक प्रशासन सम्बन्धी ज्ञान वापत ३ अङ्क

७. शिक्षाका समसामयिक मुद्दाहरुलाई अवसरमा बदल्ने क्षमता वापत ५ अङ्क

२) उपदफा (१) को खण्ड घ बमोजिमको अन्तर्वार्ता प्रयोजनको लागि प्रधानाध्यापक छनौट समितिले सम्बन्धित विज्ञ व्यक्तिहरुको तीन सदस्यीय अन्तर्वार्ता समिति गठन गर्नेछ। अन्तवार्ता समिति आवशयकता अनुसार तहगत रुपमा अलग अलग गठन गर्न सकिनेछ।

३) उपदफा (२) बमोजिमको समितिले आवेदकहरुको उपदफा (१) को खण्ड घ बमोजिमको आधारमा अन्तर्वार्ता लिई अङ्कन गरी अन्तर्वार्ता लिने कार्य पूरा गरी सो सम्वद्ध सम्पूर्ण कागजात प्रधानाध्यापक छनौट समितिमा पेश गर्नु पर्नेछ।

४) मूल्याङ्कनकर्ताले उपदफा (१) को खण्ड–ख (विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन), खण्ड–ग (प्रस्ताव प्रस्तुतीकरण र छलफल) र खण्ड–घ (अन्तर्वार्ता) वापत् अङ्क प्रदान गर्दा ४० प्रतिशत भन्दा कम र ७५ प्रतिशत भन्दा बढी अङ्क दिनु परेमा सो को पुष्ट्याईं समेत दिनुपर्नेछ।

**१०. प्रधानाध्यापक नियुक्तिः**– (१) प्रधानाध्यापक छनौट समितिले यस कार्यविधिको दफा ९ को खण्ड–ख, ग र घ तथा प्रधानाध्यापक छनौट समितिले ऐ. दफाको खण्ड–क बमोजिम मूल्याङ्कन तथा अङ्कन गरी सो बमोजिम तयार भएको अन्तिम एकमुष्ट योग्यताक्रम

सहितको सिफारिस कार्यपालिकाले स्वीकृत गरेपछि प्रमुख प्रशासकीय अधिकृतले उक्त उम्मेदवारहरुलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ।

२) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा एउटै विद्यालयबाट एक भन्दा बढीको नाम प्रधानाध्यापक नियुक्तिको लागि सिफारिस भएको अवस्थामा योग्यताक्रममा पहिलो नम्बरमा हुनेलाई निज कार्यरत विद्यालयमा र अर्को व्यक्तिलाई सम्भव भएसम्म नजिकैको अर्को विद्यालयमा प्रधानाध्यापक नियुक्त गरिनेछ।

३) उपदफा (१) बमोजिम नियुक्तिसँगै नवनियुक्त प्रधानाध्यापकले आफूले विद्यालय विकास प्रस्तावमा उल्लेख भएका कुराहरुलाई समयवद्ध ढङ्गले पूरा गर्ने गरी नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा शिक्षा शाखा प्रमुखसँग कार्य सम्पादन करार गर्नुपर्नेछ। प्रधानाध्यापकले आफूले काम गर्ने विद्यालयका शिक्षकहरुसँग सो विद्यालयको विद्यालय व्यवस्थापन समितिको रोहवरमा छुट्टाछुट्टै कार्य सम्पादन करार गर्नुपर्नेछ।

४) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्त हुँदा एउटै विद्यालयबाट एक भन्दा बढी उम्मेदवार प्रधानाध्यापक नियुक्त भएको वा एउटै विद्यालयमा पनि हाल प्रधानाध्यापक पदमा कार्यरत व्यक्ति भन्दा फरक व्यक्ति प्रधानाध्यापक नियुक्त भएको अवस्थामा आभारभूत विद्यालय १–८ र माध्यमिक विद्यालय १–१०÷१२ मा विषय शिक्षकको अनुपात मिल्ने गरी शिक्षकहरुको आन्तरिक सरुवा गरी मिलान गरिनेछ।

**११. प्रधानाध्यापकको पदावधिः–** (१)प्रधानाध्यापकको पदावधि सामान्यतः नियुक्त भएको मितिले पाँच वर्षको हुनेछ। पहिलो पटक प्रधानाध्यापक पदमा करार सम्झौता गरेको मितिले एक वर्षसम्म निजको परीक्षणकाल रहनेछ। निजको कार्यसम्पादन करारको आधारमा पहिलो वर्ष परीक्षणकालको मूल्याङ्कन, तेस्रो वर्ष मध्यावधि मूल्याङ्कन र पाँचौं वर्षको अन्त्यमा अन्तिम मूल्याङ्कन गरिनेछ। यसरी मूल्याङ्कन गर्दा निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा पुनः सो पदमा पाँच वर्षको लागि एक पटक करार अवधि थप गर्न सकिनेछ। करार शिक्षकको हकमा शिक्षक पदको करार अवधि समाप्ति भएमा प्रधानाध्यापकको पदावधि स्वतः समप्त हुनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रधानाध्यापकको पद रिक्त हुनेछ।

१. निजले विद्यालय व्यवस्थापन समिति समक्ष लिखित राजीनामा दिएमा।

२. कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको भनी विद्यालय व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले पदमुक्त गरेमा।

३. पदीय र नैतिक आचरण विपरितको काम गरेको प्रमाणित भएमा।

४. निजको उमेर साठी वर्ष पूरा भएमा।

५. निजको मृत्यु भएमा।

३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन। तर परीक्षणकालको अवधिमा निजले शैक्षिक तथा प्रशासकीय नेतृत्व दिन नसकेको भनी विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको र नगरपालिकाबाट अनुगमन हुँदा समेत सो कुरा पुष्टी भएमा प्रधानाध्यापकको पदबाट निजलाई हटाउन बाधा पर्ने छैन।

**१२. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः–** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार मण्डनदेउपुर नगरपालिकाको शिक्षा नियमावली, २०७४ बमोजिम हुनेछ।

**१३.प्रधानाध्यापकको सुविधाः–** (१) यस कार्यविधि बमोजिम नियुक्त प्रधानाध्यापकलाई नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने सेवा सुविधा उपलब्ध हुनेछ । साथै नगरपालिकाले नगरपालिकाको सञ्चित कोषबाट देहाय बमोजिमको प्रधानाध्यापक भत्ता उपलब्ध गराइनेछः

क. आभारभूत विद्यालय १–३ को लागि मासिक रु. एक हजार

ख. आभारभूत विद्यालय १–५ लागि मासिक रु. एक हजार

ग. आभारभूत विद्यालय १–८ लागि मासिक रु. पन्ध्र सय

घ. माध्यमिक विद्यालय १–१० लागि मासिक रु. दुई हजार

ङ. माध्यमिक विद्यालय १–१२ लागि मासिक रु. दुई हजार पाँच सय

**१४. निमित्त प्रधानाध्यापकः–** विद्यालयमा कार्यरत प्रधानाध्यापक कुनै कारणले अनुपस्थित भएकोमा निज विद्यालयमा उपस्थित नभएसम्म वा जुनसुकै कारणले प्रधानाध्यापकको पद रिक्त भएकोमा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मको लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये माथिल्लो तह र श्रेणीको वरिष्ठतम शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ। तर वरिष्ठतम शिक्षकले लिखित रुपमा सो पद अस्वीकार गरेमा वरिष्ठताको पछिल्लो क्रममा रहेको शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक तोक्नेछ।

## परिच्छेद–४
## विविध

**१५. बाधा अडकाउ फुकाउने अधिकारः**– यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१६. व्याख्या गर्ने अधिकारः**– यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**१७. बचाउः**– यस कार्यविधिमा उल्लेख गरेदेखि बाहेकका विषयहरु मण्डनदेउपुर नगरपालिका शिक्षा ऐन, २०७४ तथा मण्डनदेउपुर नगरपालिकाको शिक्षा नियमावली, २०७४ बमोजिम हुनेछ ।

**आज्ञाले,**
**(मान बहादुर खड्का)**
**प्रमुख प्रशासकीय अधिकृत**

*मुल्य रु. १० मात्र*